# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल कात्तिक ५ गते (संख्याः ९


# भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## शिवपुरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८१

**प्रस्तावनाः** गाउँपालिका र अन्य निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न मौजुदा कार्यविधिलाई संशोधन गर्न बञ्छनीय भएकोले **"शिवपुरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८१"** मिति २०८१/०७/०४ को कार्यपालिका बैठकले तयार गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"शिवपुरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट निर्णय भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. शिवपुरी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८१ को परिच्छेद ४ नियम १४ को**

"(ज) ........... " को सट्टामा तपसिल बमोजिम राखिएको छ ।

"ज) गाउँपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रूपमा ३(तीन) किस्तामा कार्य प्रगतिको आधारमा अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा मार्फत पेश्की उपलब्ध गराईनेछ। गाउँपालिकाबाट रकम भुक्तानी गर्दा पहिलो किस्तामा २५% कार्यक्रम संचालन पेश्की उपलब्ध गराई प्राप्त विल भरपाई तथा कागजात बमोजिम फर्छयौट पश्चात दोश्रो किस्तामा ५०% पेश्की उपलब्ध गराईनेछ, सो पेश्की फर्छयौट पश्चात आषाढ १५ गते भित्रै पेश्की फर्छयौट हुने गरी तेस्रो तथा अन्तिम किस्ता २५% पेश्की उपलब्ध गराईनेछ।"

---

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**